# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, बैशाख २४ गते, २०७७ साल (संख्या ५

## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१०/०६ को निर्णयानुसार "प्रदेश पूर्वाधार विकास प्राधिकरण (पहिको संशोधन) आदेश, २०७६" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

"**<u>प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६ लाई संशोधन गर्न बनेको आदेश</u>**"

प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६ मा सामयिक सुधार गर्नु पर्ने भएकाले,

प्रदेश नं. ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "प्रदेश पूर्वाधार विकास प्राधिकरण (पहिलो संशोधन) आदेश, २०७६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६ को दफा ८ मा संशोधनः</u>** प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६ को दफा ८ को उपदफा (१) को खण्ड (क) मा रहेका "५५ वर्ष उमेर ननाघेको" भन्ने शब्दहरुको सट्टा "३५ वर्ष उमेर पूरा भएको" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**

**राजेन्द्र थापा**

**सचिव (कानून)**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय